**<u>सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२</u>**

<u>आर्थिक टिप्पणी</u>

प्रस्तुत "सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२" ऐन बनी कार्यान्वयन भएको अवस्थामा प्रदेश सरकारलाई प्रत्यक्ष रुपमा थप आर्थिक व्ययभार पर्ने देखिँदैन ।

बहादुर सिंह थापा
(कार्यवाहक मुख्यमन्त्री)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

## सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२

### उद्देश्य र कारण

प्रदेशभित्र रहेका स्थानीय तहबाट गरिने सेवा प्रवाहको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्न तथा स्थानीय सेवालाई प्रभावकारी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धी कानुनी व्यवस्था गर्ने उद्देश्यका साथ २०८२/३/१५ गते सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी भएकोमा तहमिलान हुने कर्मचारीको ज्येष्ठता सम्बन्धी प्रावधान, सङ्गठन संरचना तथा दरबन्दी स्वीकृति सम्बन्धी प्रावधान, बिदा लगायतका सर्त सुविधाका सम्बन्धमा गरिएका व्यवस्थाहरु थप स्पष्ट पार्न उक्त कानुनमा संशोधन गर्नुपर्ने भएकोले प्रस्तुत "सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२" सुदूरपश्चिम प्रदेश सभामा पेस गर्नु परेको हो ।

बहादुर सिंह थापा
(कार्यवाहक मुख्यमन्त्री)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२**

**तीन महले**

| विद्यमान व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ८ को**<br>(३) उपदफा (२) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय तहको सङ्गठनको कार्य प्रकृति र कार्यबोझ बमोजिम दरबन्दी सृजना गर्न अति आवश्यक भएको तर उपदफा (२) को खण्ड (ख) बमोजिम त्यस्तो दरबन्दी सृजना गर्न मिल्ने नदेखिएमा स्थानीय तहको आन्तरिक स्रोतबाट पारिश्रमिक तथा सेवा सुविधा व्यहोर्ने गरी उपदफा (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ।<br>(४) उपदफा (२) बमोजिम पेस गरेको प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी कार्यपालिकाले सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव सिफारिस गरी पठाएमा मन्त्रालयले स्वीकृत गर्न सक्नेछ।<br>(५) उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदन कार्यपालिकाद्वारा स्वीकृत भएपछि सम्बन्धित स्थानीय तहले स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश किताबखानामा दर्ता गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ। | **दफा ८ को**<br>(१) उपदफा (३) झिकिएको छ ।<br>(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-<br>"(४) उपदफा (२) बमोजिम पेस गरेको प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त देखिएमा स्थानीय तहको कार्यपालिकाले सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गरी गाउँसभा वा नगरसभामा पेस गर्नु पर्नेछ।"<br>(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-<br>"(५) उपदफा (४) बमोजिम पेस भएको संगठन संरचना वा दरबन्दीको प्रस्ताव गाउँसभा वा नगरसभाबाट स्वीकृत भएपछि सम्बन्धित स्थानीय तहले स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश किताबखानामा दर्ताका लागि पठाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।"<br>(४) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-<br>"(५क) उपदफा (५) बमोजिम स्थानीय तहले पठाएको सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव मापदण्ड अनुरुप देखिएमा प्रदेश | स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ८३(१०) अनुकूल बनाउनुपर्ने |

| | | |
|---|---|---|
| | किताबखानाले दर्ता गरी सो को जानकारी सम्बन्धित स्थानीय तह, मन्त्रालय, आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ।"<br>(५) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-<br>"(८) स्थानीय तहले यस ऐन बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्दा सम्बन्धित स्थानीय तहमा रहने प्रमुख प्रशासकीय अधिकृतको तहभन्दा माथिल्लो तहको पद रहने गरी स्वीकृत गर्नु हुँदैन।" | |
| **दफा ९ को**<br>(१) साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौं तहको पदमा नियुक्ति भई स्थानीयतहमा समायोजन भएका कर्मचारीलाई माथिल्लो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भए अख्तियारवालाले एक पटकका लागि स्थानीय सेवाको क्रमशः अधिकृत सातौं र नवौं तह कायम गरिदिनेछ।यसरी तह मिलान भएको तहको ज्येष्ठता नियुक्ति भएको मिति देखि लागु हुनेछ।<br>(२) यो ऐन प्रारम्भ हुँदाका बखत सङ्घीय लोक सेवा आयोग वा आयोगबाट सञ्चालित खुला प्रतियोगितात्मक परीक्षा द्वारा छनौट तथा सिफारिस भई स्थानीय तहको छैटौं तहको पदमा नियुक्ति भईसकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका | **दफा ९ को**<br>(१) उपदफा (१) मा रहेका "यसरी तह मिलान भएको तहको ज्येष्ठता नियुक्ति भएको मिति देखि लागु हुनेछ ।" भन्ने शब्दहरु झिकिएका छन् ।<br>(२) उपदफा (२) मा रहेका "यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना छैटौं तहमा नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरु झिकिएका छन् ।<br>(३) उपदफा (३) को ठाउँठाउँमा रहेका "पाँचौं" भन्ने शब्द र "यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरु झिकिएका छन् । | भाषा स्पष्ट पार्न र ज्येष्ठलाई कनिष्ठ र कनिष्ठलाई ज्येष्ठ हुने अवस्थाको न्यूनिकरण गर्न |

| | | |
|---|---|---|
| लागि विज्ञापन भई प्रक्रियामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले एक पटकका लागि सातौं तह कायम गरिदिनेछ। यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना छैटौं तहमा नियुक्ति भएको मिति देखि लागु हुनेछ।<br>(३) साबिकका घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला विकास समिति, नगरपालिका तथा गाउँपालिकामा बहाल रहेका कर्मचारी वा स्थानीय निकायको स्वीकृत दरबन्दीको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा समायोजन भएका कर्मचारी र सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट चौथो, पाँचौं तहमा छनौट तथा सिफारिस भएका वा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका चौथो, पाँचौं तहका कर्मचारीको सेवा अवधि यस ऐन प्रारम्भ हुँदाका बखत पाँच वर्ष पूरा भएको भए एक पटकका लागि एक तह माथीको पदमा अख्तियारवालाले कायम गरिदिनेछ। यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना नियुक्ति भएको मिति देखि लागु हुनेछ। | (४) उपदफा (८) पछि देहायका उपदफा (९), (१०) र (११) थपिएका छन्ः-<br>"(९) तहमिलान गर्दाको समयमा निलम्बनमा रहेको वा विभागीय सजाय पाइरहेको कर्मचारीको हकमा सो अवधिभर यस दफा बमोजिम तहमिलान गरिने छैन।<br>(१०) मूल ऐन जारी भएपश्चात् यस दफा बमोजिम भएको तहमिलानको हकमा यसै बमोजिमको तहमिलान संशोधन गर्नु पर्नेछ । यो ऐन विपरित भएको तहमिलान तथा तहवृद्धि स्वतः बदर हुनेछ ।<br>(११) यस दफा बमोजिम माथिल्लो तहमा तहमिलान भएका कर्मचारीहरुको ज्येष्ठताको गणना मूल ऐन प्रारम्भ भएको मितिदेखि लागू हुनेछ।" | |
| **दफा १५ को**<br>(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि "स्थानीय स्वास्थ्य सेवा, कम्प्युटर अपरेटर, इन्जिनियरिङ सेवा, माईक सञ्चालक, क्यामेराम्यान, पलम्बर, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक, माली र स्वीपर पदको स्वीकृत दरबन्दी रिक्त भएको अवस्थामा कार्यालयलाई अति आवश्यक भएमा | **दफा १५ को**<br>(१) उपदफा (३) मा रहेका “मन्त्रालयको अनिवार्य सहमतिमा” भन्ने शब्दहरू झिकिएका छन् ।<br>(२) उपदफा (३) पछि देहायका उपदफा (४) थपिएको छः- | स्थानीय सरकार संचालन ऐन, २०७४ र संघीयताको मर्म अनुकूल बनाउनुपर्ने |

| | | |
|---|---|---|
| मन्त्रालयको अनिवार्य सहमतिमा उक्त पदमा प्रचलित कानून बमोजिम करारमा नियुक्त गर्न सकिनेछ। | "(४) उपदफा (३) बमोजिम स्थानीय तहले कर्मचारी करारमा नियुक्त गरेको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।" | |
| **दफा १९ को खण्ड (झ)**<br>(झ) सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा प्रदेश भित्रका स्थानीय तहको स्थानीय सेवा, अन्य प्रदेश वा स्थानीय तहको सेवामा समान तहको पदमा कार्यरत रहेको। | **दफा १९ को खण्ड (झ) पछि थप गर्नुपर्ने**<br>"तर स्थानीय स्वास्थ्य सेवाको हकमा स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानुन बमोजिम हुनेछ।<br>(ञ) स्थानीय स्वास्थ्य सेवाको हकमा संघीय कानुन बमोजिम कुनै व्यवसायिक परिषदमा नामदर्ता गर्नु पर्नेमा दर्ता नभएको र नामदर्ता नविकरण नभएको" | स्वास्थ्य सेवाको फरक प्रावधानलाई समेट्नुपर्ने |
| **दफा २७ को उपदफा (४)**<br>(४) प्रत्येक वर्ष साउन एक गते र माघ एक गतेदेखि लागु हुने गरी तहवृद्धि गर्नुपर्नेछ।<br>तर यो ऐन प्रारम्भ हुँदाका बखत तहवृद्धिको लागि योग्य भएका कर्मचारीको तहवृद्धि यो ऐन प्रारम्भ भएको साठी दिनभित्र गरिसक्नु पर्नेछ। | **दफा २७ को**<br>उपदफा (४) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-<br>"तर यो ऐन बमोजिम तहवृद्धिको लागि योग्य भएका कर्मचारीको तहवृद्धि यो ऐन अन्तरगत बनेको नियमावली प्रारम्भ भएको साठी दिनभित्र गर्न बाधा पर्ने छैन ।" | ऐन प्रारम्भ भएको साठी दिनको समयसिमा कटिसकेको |
| **दफा २९ मा थप गरिएको** | **दफा २९ को**<br>उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थपिएको छः-<br>"(६) स्थानीय तहको एघारौं तहका कर्मचारीको पदावधि ५ बर्षको हुनेछ ।<br>(७) उपदफा (६) बमोजिमको प्रावधान यो ऐन प्रारम्भ भएको मितिले १० बर्षपछि लागु हुनेछ।" | सबैको वृति विकासका लागि माथिल्लो तहमा पदावधि स्पष्ट तोक्नुपर्ने |

| | | |
|---|---|---|
| **दफा ३० मा** | **दफा ३० को**<br>उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-<br>"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्वास्थ्य सेवाका पदमा बढुवाका लागि उम्मेदवार हुन आवश्यक शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ।" | स्वास्थ्य सेवा सम्बन्धी छुट्टै विशिष्ठ योग्यता आवस्यक पर्ने भएकोले । |
| **दफा ३८ को**<br>(२) दफा १० को उपदफा (१) र (२) बमोजिम अधिकृत नवौं वा सो सरह वा सोभन्दा माथिको पदमा बढुवाको लागि पनि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तह वा सो सरहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ। | **दफा ३८ को**<br>"(२) दफा १० को उपदफा (१) बमोजिम अधिकृत नवौं वा सो सरह वा सोभन्दा माथिको पदमा बढुवाको लागि पनि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तह वा सो सरहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ।<br>तर स्थानीय स्वास्थ्य सेवाको कुनै पदमा बढुवाका लागि न्यूनतम शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ।" | स्वास्थ्य सेवा सम्बन्धी छुट्टै विशिष्ठ योग्यता आवस्यक पर्ने भएकोले । |
| **दफा ६८ को**<br>(१) योगदानमा आधारित निवृत्तभरण र प्रदेश तथा स्थानीय सेवामा कार्यरत कर्मचारीको सुविधा उपलव्ध गराउन प्रदेशमा एक कोष रहनेछ।<br>(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तभरण पाउने कर्मचारीले दफा ६२, ६३, ६४, ६५, ६६ र ६७ बमोजिमका सुविधा पाउने छैन। | **दफा ६८ को**<br>(१) उपदफा (१) मा रहेका "प्रदेश तथा" भन्ने शब्दहरू झिकिएका छन् ।<br>(२) उपदफा (७) मा रहेका "६२, ६३, ६४, ६५, ६६ र ६७" भन्ने अङ्कहरुको सट्टा "६३, ६४ र ६७" भन्ने अङ्कहरु राखिएका छन्। | स्थानीय सेवाका कर्मचारीका लागि मात्र आकर्शित हुने र केही सुविधाहरु नहटाउनुपर्ने |
| **दफा ११३ को**<br>(१) कर्मचारीहरूले देहायका बिदाहरू तोकिए बमोजिम पाउनेछन्ः-<br>(क) भैपरी आउने र पर्व बिदा, | **दफा ११३ को**<br>(१) उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-<br>"(झ) पर्यटन बिदा" | प्रदेश र संघीय कानुनमा व्यवस्था भएको । |

| | | |
|---|---|---|
| (ख) घर बिदा,<br>(ग) बिरामी बिदा,<br>(घ) अध्ययन बिदा,<br>(ङ) असाधारण बिदा,<br>(च) किरिया बिदा,<br>(छ) प्रसूति बिदा,<br>(ज) प्रसूति स्याहार बिदा।<br>(२) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीले उपदफा (१) बमोजिमका बिदा बाहेक तोकिए बमोजिमको सट्टा बिदा पाउन सक्नेछन्।<br>(३) बिदा कर्मचारीको अधिकार होइन, सहुलियत मात्र हो। | (२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) उपदफा (१) बमोजिमका बिदा बाहेक स्वास्थ्य संस्था, बारुणयन्त्र, संग्रहालय जस्ता सार्वजनिक विदाको दिन काम गर्नुपर्ने कार्यालयमा कार्यरत कर्मचारीहरुले तोकिए बमोजिम सट्टा बिदा पाउनेछन्।"<br>(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-<br>"(२क) उपदफा (१) र (२) बमोजिमका बिदा बाहेक अस्पताल, हेल्थपोष्ट लगायतका स्वास्थ्य संस्थामा काम गर्ने स्थानीय स्वास्थ्य सेवाका कर्मचारीले तोकिए बमोजिम अतिरिक्त सेवा बिदा पाउनेछन्।"<br>(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-<br>"(४) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | |

## सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि. नं. | मूल विधेयकको दफा र उपदफा | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कार्य प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ११३ को उपदफा (२), (२क) र (४) | (१) उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-<br>"(झ) पर्यटन बिदा"<br>(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) उपदफा (१) बमोजिमका बिदा बाहेक स्वास्थ्य संस्था, बारुणयन्त्र, संग्रहालय जस्ता सार्वजनिक बिदाको दिन काम गर्नुपर्ने कार्यालयमा कार्यरत कर्मचारीहरुले तोकिए बमोजिम सट्टा बिदा पाउनेछन्।"<br>(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-<br>"(२क) उपदफा (१) र (२) बमोजिमका बिदा बाहेक अस्पताल, हेल्थपोष्ट लगायतका स्वास्थ्य संस्थामा काम गर्ने स्थानीय स्वास्थ्य सेवाका कर्मचारीले तोकिए बमोजिम अतिरिक्त सेवा बिदा पाउनेछन्।"<br>(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-<br>"(४) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।" | संघीय निजामती सेवा ऐन, स्वास्थ्य सेवा ऐन र प्रदेश निजामती सेवा ऐनमा पनि विदा सम्बन्धी प्रारम्भिक व्यवस्था मात्र ऐनमा उल्लेख गरी थप व्यवस्थाहरु नियमावलीमा तोकिए बमोजिम हुने कुरा उल्लेख गरिएको । विदा सम्बन्धी प्रावधान नियमावलीमा राख्दा संघीय कानुनमा भएको व्यवस्था अनुकूल हुने गरी मात्र राख्नुपर्ने । | संघीय निजामती सेवा ऐन, नियमावली र स्वास्थ्य सेवा ऐन, नियमावली अनुकूल स्थानीय सेवाका कर्मचारीहरुले पनि विदाको सुविधा पाउने। |

बहादुर सिंह थापा<br>
(कार्यवाहक मुख्यमन्त्री)<br>
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

## सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२

## व्याख्यात्मक टिप्पणी

| क्र.सं. | विधेयकको दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १ | १ | संक्षिप्त नाम र प्रारम्भ | पहिलो पटक ऐन संशोधनका लागि प्रस्ताव गरिएकोले ऐनको नाम "सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) ऐन, २०८२" रहने गरी प्रस्ताव गरिएको । |
| २ | २ (मूल ऐनको दफा ८) | मूल ऐनको दफा ८ मा संशोधन (दरबन्दी सिर्जना) | **(१) उपदफा (३) हटाउने प्रस्ताव**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ अनुकूल हुने गरी संगठन संरचना तथा दरबन्दी स्थानीय तहबाटै स्वीकृत गर्ने अधिकार प्रदान गरीसकेपश्चात प्रदेशले बनाएको मापदण्ड विपरित दरवन्दी सर्जना नहोस भन्ने उद्देश्यले उपदफा (३) हटाउने गरी प्रस्ताव गरिएको ।<br>**(२) उपदफा (४) संशोधन गर्ने प्रस्ताव**<br>प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहने समितिले पेस गरेको प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त देखिएमा स्थानीय तहको कार्यपालिकाले सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गरी गाउँसभा वा नगरसभामा पेस गर्नु पर्ने प्रस्ताव गरिएको ।<br>**(३) उपदफा (५) संशोधन गर्ने प्रस्ताव**<br>संगठन संरचना वा दरबन्दीको प्रस्ताव गाउँसभा वा नगरसभाबाट स्वीकृत भएपछि सम्बन्धित स्थानीय तहले स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश किताबखानामा दर्ताका लागि पठाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्ने प्रस्ताव गरिएको ।<br>**(४) उपदफा (५क) थप गर्ने प्रस्ताव**<br>स्थानीय तहले पठाएको सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव मापदण्ड अनुरुप देखिएमा प्रदेश किताबखानाले दर्ता गरी सो को जानकारी सम्बन्धित स्थानीय तह, मन्त्रालय, आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्ने गरी प्रस्ताव गरिएको ।<br>**(५) उपदफा (८) थप गर्ने प्रस्ताव**<br>स्थानीय तहले यस ऐन बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्दा सम्बन्धित स्थानीय तहमा रहने प्रमुख प्रशासकीय अधिकृतको तहभन्दा |

| | | | |
|---|---|---|---|
| | | | माथिल्लो तहको पद रहने गरी स्वीकृत गर्न नहुने गरी प्रावधान राख्न प्रस्ताव गरिएको । |
| ३ | ३ (मूल ऐनको दफा ९) | मूल ऐनको दफा ९ मा संशोधन (दरबन्दी कायम गरिने) | सिनियर कर्मचारी जुनियर र जुनियर कर्मचारी सिनियर हुन सक्ने अवस्था हुन नदिन तहमिलानको व्यवस्था विशेष अवसरको रुपमा रहेकोले सबैलाई समान व्यवहार गर्दा उपयुक्त हुने हुनाले<br>(१) उपदफा (१) मा रहेका "यसरी तह मिलान भएको तहको ज्येष्ठता नियुक्ति भएको मिति देखि लागु हुनेछ ।" भन्ने शब्दहरु झिक्ने गरी प्रस्ताव गरिएको ।<br>(२) उपदफा (२) मा रहेका "यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना छैटौं तहमा नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरु झिक्ने गरी प्रस्ताव गरिएको ।<br>(३) उपदफा (३) को ठाउँठाउँमा रहेका "पाँचौं" भन्ने शब्द र "यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरु झिक्ने गरी प्रस्ताव गरिएको ।<br>(४) उपदफा (९), (१०) र (११) थप गर्ने गरी प्रस्ताव गरिएको<br>तहमिलान गर्दाको समयमा निलम्बनमा रहेको वा विभागीय सजाय पाइरहेको कर्मचारीको हकमा सो अवधिभर यस दफा बमोजिम तहमिलान नगरिने । मूल ऐन जारी भएपश्चात् यस दफा बमोजिम भएको तहमिलानको हकमा यसै बमोजिमको ज्येष्ठता लागू हुने गरी तहमिलान संशोधन गर्नु पर्ने । यो ऐन विपरित भएको तहमिलान तथा तहवृद्धि स्वतः बदर हुने, र माथिल्लो तहमा तहमिलान भएका कर्मचारीहरुको ज्येष्ठताको गणना मूल ऐन प्रारम्भ भएको मितिदेखि लागू हुने गरी प्रस्ताव गरिएको छ । |
| ४ | ४ (मूल ऐनको दफा १५) | मूल ऐनको दफा १५ मा संशोधन (ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने) | स्थानीय सरकार संचालन ऐन, २०७४ अनुकूल हुने गरी<br>(१) उपदफा (३) मा रहेका “मन्त्रालयको अनिवार्य सहमतिमा” भन्ने शब्दहरू झिक्ने गरी प्रस्ताव गरिएको ।<br>(२) उपदफा (४) थप गरी स्थानीय तहले कर्मचारी करारमा नियुक्त गरेको जानकारी मन्त्रालयलाई दिनु पर्ने प्रस्ताव गरिएको । |
| ५ | ५ (मूल ऐनको दफा १९) | मूल ऐनको दफा १९ मा संशोधन | स्थानीय स्वास्थ्य सेवा सम्बन्धी संघीय कानून अनुकूल हुने गरी स्वास्थ्य सेवाको सम्बन्धमा गरिएको विशेष प्रावधानलाई समेट्नुपर्ने भएकोले खण्ड (झ) को प्रतिबन्धात्मक वाक्यांश र खण्ड (ञ) थप गरिएको: |

| | | | |
|---|---|---|---|
| | | (उम्मेदवार हुनको लागि अयोग्यता) | समान तहमा कार्यरत भए पनि स्थानीय स्वास्थ्य सेवाको हकमा स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानुन बमोजिम हुने प्रस्ताव गरिएको र स्थानीय स्वास्थ्य सेवाको हकमा संघीय कानुन बमोजिम कुनै व्यवसायिक परिषदमा नामदर्ता गर्नु पर्नेमा दर्ता नभएको र नामदर्ता नविकरण नभएको उम्मेदवार अयोग्य हुने गरी प्रस्ताव गरिएको । |
| ६ | ६ (मूल ऐनको दफा २७) | मूल ऐनको दफा २७ मा संशोधन (तहवृद्धि सम्बन्धी व्यवस्था) | ऐन प्रारम्भ भएको साठी दिनको समयसिमा कटिसकेकोले उपदफा (४) को प्रतिवन्धात्मक वाक्यांशमा तर यो ऐन बमोजिम तहवृद्धिको लागि योग्य भएका कर्मचारीको तहवृद्धि यो ऐन अन्तरगत बनेको नियमावली प्रारम्भ भएको साठी दिनभित्र गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था राखी संशोधन हुन प्रस्ताव गरिएको |
| ७ | ७ (मूल ऐनको दफा २९) | मूल ऐनको दफा २९ मा संशोधन (अधिकृतस्तर एघारौं तहको पदमा बढुवा) | उपदफा (६) र (७) मा स्थानीय तहको सर्वभन्दा माथिल्लो पद भएकोले पदावधि तोक्नुपर्ने भई स्थानीय तहको एघारौं तहका कर्मचारीको पदावधि ५ बर्षको हुने र सो प्रावधान यो ऐन प्रारम्भ भएको मितिले १० बर्षपछि लागु हुने गरी प्रस्ताव गरिएको । |
| ८ | ८ (मूल ऐनको दफा ३०) | मूल ऐनको दफा ३० मा संशोधन (बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता) | स्थानीय स्वास्थ्य सेवा सम्बन्धी छुट्टै विशिष्ठ योग्यता आवस्यक भएको र संघीय स्वास्थ्य सेवासंग अनुकूल बनाउनुपर्ने भएकोले उपदफा (६) मा स्थानीय स्वास्थ्य सेवाका पदमा बढुवाका लागि उम्मेदवार हुन आवश्यक शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भए बमोजिम हुने गरी प्रस्ताव गरिएको । |
| ९ | ९ (मूल ऐनको दफा ३८) | मूल ऐनको दफा ३८ मा संशोधन (शैक्षिक योग्यता र तालिम | उपदफा (२) मा अधिकृत नवौं वा सो सरह वा सोभन्दा माथिको पदमा बढुवाको लागि पनि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तह वा सो सरहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिने व्यवस्था भए तापनि स्थानीय स्वास्थ्य सेवाको कुनै पदमा बढुवाका लागि न्यूनतम शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भए बमोजिम हुने भनि प्रस्ताव गरिएको। |

| | | | |
|---|---|---|---|
| | | वापतको अङ्क) | |
| १० | १० (मूल ऐनको दफा ६८) | मूल ऐनको दफा ६८ मा संशोधन (योगदानमा आधारित निवृत्तिभरण) | (१) स्थानीय सेवाका कर्मचारीका लागि मात्र आकर्शित हुने हुनाले उपदफा (१) मा रहेका "प्रदेश तथा" भन्ने शब्दहरू झिक्ने गरी प्रस्ताव गरिएको ।<br>(२) उपदफा (७) मा रहेका "६२, ६३, ६४, ६५, ६६ र ६७" भन्ने अङ्कहरुको सट्टा "६३, ६४ र ६७" भन्ने अङ्कहरु रहने गरी प्रस्ताव गरिएको । |
| ११ | ११ (मूल ऐनको दफा ११३) | मूल ऐनको दफा ११३ मा संशोधन (कर्मचारीले पाउने बिदा) | प्रदेश र संघीय कानुनमा व्यवस्था भए अनुसार<br>(१) उपदफा (१) खण्ड (झ) मा पर्यटन बिदा थप गर्ने प्रस्ताव गरिएको ।<br>(२) उपदफा (२) मा स्वास्थ्य संस्था, बारुणयन्त्र, संग्रहालय जस्ता सार्वजनिक विदाको दिन काम गर्नुपर्ने कार्यालयमा कार्यरत कर्मचारीहरुले तोकिए बमोजिम सट्टा बिदा पाउने गरी प्रस्ताव गरिएको ।<br>(३) उपदफा उपदफा (२क) थप गरी अस्पताल, हेल्थपोष्ट लगायतका स्वास्थ्य संस्थामा काम गर्ने स्थानीय स्वास्थ्य सेवाका कर्मचारीले तोकिए बमोजिम अतिरिक्त सेवा बिदा पाउने गरी प्रस्ताव गरिएको ।<br>(४) उपदफा (४) थप गरी बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ भनि प्रस्ताव गरिएको । |

बहादुर सिंह थापा
(कार्यवाहक मुख्यमन्त्री)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**<u>सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२</u>**

<u>सैद्धान्तिक अवधारणा</u>

प्रदेशभित्र रहेका स्थानीय तहबाट गरिने सेवा प्रवाहको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्न तथा स्थानीय सेवालाई प्रभावकारी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धी कानुनी व्यवस्था गर्ने उद्देश्यका साथ २०८२/३/१५ गते सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी भएकोमा तहमिलान हुने कर्मचारीको ज्येष्ठता सम्बन्धी प्रावधान, सङ्गठन संरचना तथा दरबन्दी स्वीकृति सम्बन्धी प्रावधान, बिदा लगायतका सर्त सुविधाका सम्बन्धमा गरिएका व्यवस्थाहरु संघीय ऐन कानुन अनुकूल हुने गरी थप स्पष्ट पार्न उक्त कानुनमा संशोधन गर्नुपर्ने भई "सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२" सुदूरपश्चिम प्रदेश सभामा पेस गर्न सुदूरपश्चिम प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०८२।८।२५ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक प्रदेश सभामा पेस गर्नुपर्ने देखिन्छ ।

बहादुर सिंह थापा
(कार्यवाहक मुख्यमन्त्री)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

# सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ मा संशोधन**ः सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ (यसपछि "**मूल ऐन**" भनिएको) को दफा ८ को,-

(१) उपदफा (३) झिकिएको छ ।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (२) बमोजिम पेस गरेको प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त देखिएमा स्थानीय तहको कार्यपालिकाले सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गरी गाउँसभा वा नगरसभामा पेस गर्नु पर्नेछ।"

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिम पेस भएको संगठन संरचना वा दरबन्दीको प्रस्ताव गाउँसभा वा नगरसभाबाट स्वीकृत भएपछि सम्बन्धित स्थानीय तहले स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश किताबखानामा दर्ताका लागि पठाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।"

(४) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) उपदफा (५) बमोजिम स्थानीय तहले पठाएको सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव मापदण्ड अनुरुप देखिएमा प्रदेश किताबखानाले दर्ता गरी सो को जानकारी सम्बन्धित स्थानीय तह, मन्त्रालय, आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ।"

(५) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) स्थानीय तहले यस ऐन बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्दा सम्बन्धित स्थानीय तहमा रहने प्रमुख प्रशासकीय अधिकृतको तहभन्दा माथिल्लो तहको पद रहने गरी स्वीकृत गर्नु हुँदैन ।"

३. **मूल ऐनको दफा ९ मा संशोधन**ः मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) मा रहेका "यसरी तह मिलान भएको तहको ज्येष्ठता नियुक्ति भएको मिति देखि लागु हुनेछ ।" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (२) मा रहेका "यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना छैटौं तहमा नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (३) को ठाउँठाउँमा रहेका "पाँचौं" भन्ने शब्द र "यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपदफा (८) पछि देहायका उपदफा (९), (१०) र (११) थपिएका छन्:-

"(९) तहमिलान गर्दाको समयमा निलम्बनमा रहेको वा विभागीय सजाय पाइरहेको कर्मचारीको हकमा सो अवधिभर यस दफा बमोजिम तहमिलान गरिने छैन।

(१०) मूल ऐन जारी भएपश्चात् यस दफा बमोजिम भएको तहमिलानको हकमा यसै बमोजिमको ज्येष्ठता लागू हुने गरी तहमिलान संशोधन गर्नु पर्नेछ । यो ऐन विपरित भएको तहमिलान तथा तहवृद्धि स्वतः बदर हुनेछ ।

(११) यस दफा बमोजिम माथिल्लो तहमा तहमिलान भएका कर्मचारीहरुको ज्येष्ठताको गणना मूल ऐन प्रारम्भ भएको मितिदेखि लागू हुनेछ।"

४. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**: मूल ऐनको दफा १५ को,-

(१) उपदफा (३) मा रहेका “मन्त्रालयको अनिवार्य सहमतिमा” भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपदफा (३) पछि देहायका उपदफा (४) थपिएको छः-

"(४) उपदफा (३) बमोजिम स्थानीय तहले कर्मचारी करारमा नियुक्त गरेको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।"

५. **<u>मूल ऐनको दफा १९ मा संशोधन</u>**: मूल ऐनको दफा १९ को खण्ड (झ) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश र खण्ड (ञ) थपिएको छः-

"तर स्थानीय स्वास्थ्य सेवाको हकमा स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानुन बमोजिम हुनेछ।"

(ञ) स्थानीय स्वास्थ्य सेवाको हकमा संघीय कानुन बमोजिम कुनै व्यवसायिक परिषदमा नामदर्ता गर्नु पर्नेमा दर्ता नभएको र नामदर्ता नविकरण नभएको"

६. **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>**: मूल ऐनको दफा २७ को उपदफा (४) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर यो ऐन बमोजिम तहवृद्धिको लागि योग्य भएका कर्मचारीको तहवृद्धि यो ऐन अन्तरगत बनेको नियमावली प्रारम्भ भएको साठी दिनभित्र गर्न बाधा पर्ने छैन ।"

७. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थपिएको छः-

"(६) स्थानीय तहको एघारौं तहका कर्मचारीको पदावधि ५ बर्षको हुनेछ ।

(७) उपदफा (६) बमोजिमको प्रावधान यो ऐन प्रारम्भ भएको मितिले १० बर्षपछि लागु हुनेछ।"

८. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्वास्थ्य सेवाका पदमा बढुवाका लागि उम्मेदवार हुन आवश्यक शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ।"

९. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा १० को उपदफा (१) बमोजिम अधिकृत नवौं वा सो सरह वा सोभन्दा माथिको पदमा बढुवाको लागि पनि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तह वा सो सरहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

तर स्थानीय स्वास्थ्य सेवाको कुनै पदमा बढुवाका लागि न्यूनतम शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ।"

१०. **मूल ऐनको दफा ६८ मा संशोधनः** मूल ऐनको दफा ६८ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश तथा" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपदफा (७) मा रहेका "६२, ६३, ६४, ६५, ६६ र ६७" भन्ने अङ्कहरुको सट्टा "६३, ६४ र ६७" भन्ने अङ्कहरु राखिएका छन् ।

११. **मूल ऐनको दफा ११३ मा संशोधनः** मूल ऐनको दफा ११३ को,-

(१) उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

"(झ) पर्यटन बिदा"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमका बिदा बाहेक स्वास्थ्य संस्था, बारुणयन्त्र, संग्रहालय जस्ता सार्वजनिक विदाको दिन काम गर्नुपर्ने कार्यालयमा कार्यरत कर्मचारीहरुले तोकिए बमोजिम सट्टा बिदा पाउनेछन्।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) र (२) बमोजिमका बिदा बाहेक अस्पताल, हेल्थपोष्ट लगायतका स्वास्थ्य संस्थामा काम गर्ने स्थानीय स्वास्थ्य सेवाका कर्मचारीले तोकिए बमोजिम अतिरिक्त सेवा बिदा पाउनेछन्।"

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"